## कार्यपालिका वैठकका प्रस्तावहरु (२०७८/०९/२५ गते)

प्रस्ताव नं. १ : गत वैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : नपुग थप बजेट स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३ : विशेषज्ञ डाक्टर र एनेस्थेसिया असिस्टेन्टको सेवा सुविधा सम्बन्धमा ।

प्रस्ताव नं. ४ : नेपाली सेनाको ब्यारेक चोक देखि नेपाल विद्युत प्राधिकरण हेलम्बु मेलम्ची वितरण केन्द्रसम्मको सडक स्तरोन्नती सम्बन्धमा ।

प्रस्ताव नं. ५ : योजना संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. ६ : अक्सिजन प्लान्ट संचालनको लागि ट्रान्सफर्मर खरिद सम्बन्धमा ।

प्रस्ताव नं. ७ : एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन प्रस्तावित कार्यढाँचा, २०७८ स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८ : प्राविधिक पदहरुमा पदपूर्ति समितिबाट गरिएको सिफारिस अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ९ : आ.व. २०७९/०८० का लागि प्रदेश तथा संघीय सरकारमा समपुरक तथा विशेष अनुदान माग गर्न प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १० : भारी सवारी चालक पदमा ज्यालादारीबाट गरिएको पदपूर्ति अनुमोदन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ११ : बालमैत्री वडा घोषणा सम्बन्धमा ।

प्रस्ताव नं. १२ : विभिन्न कार्यक्रम संचालनको लागि बजेट व्यवस्था सम्बन्धमा ।

प्रस्ताव नं. १३ : ज्येष्ठ नागरिक मिलन केन्द्रको भवन निर्माण

प्रस्ताव नं. १४ : नयाँ सडक ट्रयाक निर्माणका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १५ : क्रसर प्रभावित योजनाहरुको लागि बजेट व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. १६ : आ.व.२०७७/०७८ को स्वमूल्याङ्कन अंङ्क स्वीकृत गरी सिफारिस गर्ने सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं. १

मिति २०७८ साल पौष ९ गतेको कार्यपालिका वैठकबाट भएका निर्णयहरुको आजको यस वैठकमा समीक्षा गरियो।

तपसिल

| क्र.सं. | निर्णय भएको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन सम्बन्धी योजना छनौट | योजना सम्झौता भै कार्यान्वयनको अवस्थामा रहेको। |
| २ | जेष्ठ नागरिक मिलन केन्द्र स्थापनाको लागि प्रस्ताव माग | प्रस्ताव पेश गर्नको लागि सबै वडा कार्यालयमा पत्राचार गरिएको र प्रस्ताव प्रप्त भएको । |
| ३ | श्री सरस्वती माध्यमिक विद्यालयको भवन मर्मत | योजना सम्झौता गर्न सम्बन्धित वडा कार्यालयलाई जानकारी गराइएको। |
| ४ | नगरपालिकाबाट संचालित योजनाको म्याद थप | म्याद थप भई सम्बन्धित पक्षलाई पत्राचार गरिएको। |
| ५ | जलवायु दिवस तथा सो सम्बन्धी कार्यक्रम संचालन तथा व्यवस्थापन | तेश्रो जलवायु दिवस सम्पन्न भई अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको। |
| ६ | फोहोरमैला व्यवस्थापनको लागि प्राप्त भएको प्रस्ताव स्वीकृत गर्ने | फोहोरमैला व्यवस्थापनको लागि प्रस्ताव पेश गर्ने पक्षसंग छलफल गरिएको। |
| ७ | श्री तेर्से माध्यमिक विद्यालयको भवन संरक्षण | भवन संरक्षणाको लागि योजना दर्ता भई सम्झौता प्रक्रियामा रहेको। |
| ८ | फर्निचर तथा फिक्स्चर्स खरिदका लागि बोलपत्र आव्हान गर्ने | फर्निचर तथा फिक्स्चर्स खरिदका लागि बोलपत्र आव्हान भई कार्य प्रक्रिया अगाडि बढेको। |
| ९ | अँधेरी खोला सिम्ले कुलो निर्माण | प्राविधिक लागत इष्टिमेट तयार भई सम्बन्धित वडामा योजना सम्झौताको प्रक्रियामा रहेको। |
| १० | नमूना युवा संसद संचालनका लागि युवा क्लब गठन | युवा क्लब गठन गर्न सबै वडामा पत्राचार गरिएको। |
| ११ | फट्केश्वर पंधेराचौर ठाँटी सडक स्तरोन्नतीको भेरियसन स्वीकृत गर्ने। | स्वीकृत भेरियसन बमोजिम कार्य भैरहेको। |
| १२ | कार्यविधि स्वीकृत | कार्यविधि स्वीकृत भई प्रमाणिकरण भएको। |
| १३ | नगर सभाबाट निर्णय भएका योजना तथा कार्यक्रम | विभिन्न वडाबाट संशोधनका लागि पेश |

| | | |
|---|---|---|
| | संशोधन | भएका योजनाहरुको संशोधन गरी जानकारी गराइएको। |
| १४ | व्यक्तिगत घटना दर्ता शिविर संचालन | मेलम्ची न.पा. वडा नं.१ बाट व्यक्तिगत घटना दर्ता शिविर पुन: संचालन गरिएको। |
| १५ | कार्यक्रम संचालनका लागि अनुमति प्रदान | अनुमतिका लागि पेश भएका २ वटा संस्थालाई कार्यक्रम संचालन गर्न अनुमति प्रदान गरिएको। |
| १६ | खायन आलु उत्पादन क्षेत्र निर्धारण, मिनिटिलर वितरण र क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन | खायन आलु उत्पादन क्षेत्र निर्धारण गरी सो सम्बन्धी कार्यक्रम अगाडि बढाइएको। |
| १७ | मेनपा १२ को क्रसर प्रभावित योजना स्थगित | स्थगित गरिएका दुई वटा योजनको विषयमा सम्बन्धित वडा कार्यालयलाई जानकारी गराइएको। |
| १८ | प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना संशोधन | मेनपा वडा नं. ८ बाट संशोधनको लागि पेश भएको योजना संशोधन गरी जानकारी गराइएको। |
| १९ | आफ्नो गाउँ आफैं बनाउँ विशेष कार्यक्रम योजना संशोधन | मेनपा वडा नं. ८ बाट संशोधनको लागि पेश भएको योजना संशोधन गरी जानकारी गराइएको। |
| २० | वैकल्पिक सूचीको माथिल्लो रोलक्रममा रहेका उम्मेदवारलाई कामकामा लगाउने | असिस्टेन्ट सव इन्जिनियर पदको वैकल्पिक सूचिमा रहेका उम्मेदवारलाई करार नियूक्ति गरी कामकाजमा लगाइएको। |

निर्णय नं. २

मेलम्ची नगरपालिका भित्रका देहाय बमोजिमका योजनाहरु निर्माण गर्नको लागि लागत अनुमान बमोजिम बजेट नपुग भई उक्त योजनाहरु कार्यान्वयनको लागि थप बजेटको व्यवस्था गरी खरिद प्रक्रियामा गएको हुँदा उक्त योजनामा थप गरिएको देहाय बमोजिमको बजेट खर्च अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | योजनाको नाम | जम्मा विनियोजित बजेट रु. | कूल लागत अनुमान | थप नपुग बजेट | बजेट शिर्षक |
|---|---|---|---|---|---|
| १ | तालामाराङ | २००००००।– | २१४४४९५।०९ | १४४९४५।०९ | विविध |

| | | | | | |
|---|---|---|---|---|---|
| | कोलेचौर : मानेभञ्ज्याङ सडक स्तरोन्नती, मेलम्ची न.पा. ६ | | | | सार्वजनिक निर्माण |
| २ | कोलेचौर मारलीचोक कामीटोल खानेपानी योजना, मेलम्ची न.पा. ६ | ४००००००।– | ६४३८२७६।२८ | २४३८२७६।२८ | विविध सार्वजनिक निर्माण |
| ३ | भट्टार खोला सुँगुरे सिंचाई योजना, मेलम्ची न.पा. ८ | ४००००००।– | ४५७७२५९।६२ | ५७७२५९।६२ | विविध सार्वजनिक निर्माण |

निर्णय नं. ३

मेलम्ची नगर अस्पतालमा अपरेशन सहितको प्रसुति सेवा ( CEONC ) संचालनको लागि आवश्यक पर्ने जनशक्ति खुला विज्ञापनबाट माग गरिएकोमा विज्ञापनमा सेवा सुविधा आपसी समझदारीबाट तय गरिने विषय उल्लेख भएको, हाल प्रचलित विशेषज्ञहरुले प्राप्त गरिरहेको सेवा सुविधा, सेवाग्राहीहरुले अपेक्षा गरेको सुविधा, यस नगरपालिकाको भौगोलिक अवस्थिति, सेवा सुचारु गर्नु पर्ने अपरिहार्यता, विशेषज्ञ सेवाको प्रकृति, बजारमा विशेषज्ञहरुको उपलब्धता, सार्वजनिक बिदा तथा कार्यालय समय बाहेक २४ सै घण्टा सेवा सुचारु गर्नुपर्ने अवस्था आदि पक्षहरुलाई मध्यनजर गर्दै तपसिल बमोजिमको सेवा सुविधा उपलब्ध गराउने गरि देहाय बमोजिमका स्वास्थ्य जनशक्ति सेवा करारमा लिने निर्णय गरियो।

तपसिल

| सि.नं. | पद | नाम, थर | मासिक तलव भत्ता | २४ सै घण्टा विशेषज्ञ सेवा दिए बापत थप सुविधा (दैनिक ८ घण्टा भन्दा बढी काम गरे बापत) | विदाको सुविधा |
|---|---|---|---|---|---|
| १ | MDGP | दुर्गाराज महर्जन | रु. ८००००।– (अक्षरुपी असी | मासिक तलवको दुई गुणा भन्दा नबढ्ने | मासिक २ दिन (तलव |

| | | | | | |
|---|---|---|---|---|---|
| | (विशेषज्ञ) | | हजार मात्र) | गरी हाजिरीको आधारमा | पाउने तर भत्ता नपाउने गरी) |
| २ | Anesthesa Assistant | आनन्द प्रसाद शाह | रु. ३५०००।– (अक्षरुपी पैतिस हजार मात्र) | रु. २००००।– (अक्षरुपी बिस हजार मात्र) | मासिक २ दिन (तलव पाउने तर भत्ता नपाउने गरी) |

निर्णय नं. ४

मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची डडुवा सडक खण्ड अन्तर्गत पर्ने नेपाली सेनाको ब्यारेक जाने चोक देखि नेपाल विद्युत प्राधिकरण हेलम्बु मेलम्ची वितरण केन्द्रसम्मको सडक स्तरोन्नती गरिदिनको लागि नेपाल विद्युत प्राधिकरण हेलम्बु मेलम्ची वितरण केन्द्र, मेलम्ची, सिन्धुपाल्चोकबाट निवेदन पेश भएको हुँदा प्राविधिक लागत इष्टिमेट बमोजिम विविध सार्वजनिक निर्माण शिर्षकबाट खर्च हुने गरी बजेट व्यवस्था गर्ने निर्णय गरियो।

निर्णय नं. ५

मेलम्ची नगरपालिकाको नगर सभाबाट बजेट विनियोजन भएका देहाय बमोजिमका योजनाहरु संशोधन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | योजनाको विवरण | बजेट रु. | क्र.सं. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|---|
| १ | कात्तिके सामुदायिक भवन, मेनपा ८ | ८०००००।– | २ | उर्गेन दोङ छयोलिङ्ग गुम्बा | ८०००००।– |
| २ | ढकाल थोक खहरे ढकालथोक सडक मर्मत | १५०००००।– | ३ | ढकालखहरे ढकालथोक सडक मर्मत | १५०००००।– |
| ३ | बस्ती नं ५ ओख्रेनी खोला स्याङतान टोल मोटर बाटो निर्माण सिंढी निर्माण | ९०००००।– | ३ | बस्ती नं ५ ओख्रेनी खोला स्याङतान टोल मोटर बाटो निर्माण। | ९०००००।– |

| | | | | | |
|---|---|---|---|---|---|
| | खर्कधारा तेश्रो बाटो निर्माण। | | | (शुत्रमा भुलवस गलत प्रविष्टि भएकोले संशोधन गरिएको ) | |

निर्णय नं. ६

मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रमा अक्सिजन प्लान्ट जडान तथा संचालनका लागि विद्युत व्यवस्थापन गर्न आवश्यक भएकोले विद्युत ट्रान्सफर्मर खरिद तथा जडान गर्नको लागि प्राविधिक लागत इष्टिमेट बमोजिम विविध सार्वजनिक निर्माण शिर्षकबाट खर्च हुने गरी रु. ७,४१,८८७।– (अक्षरुपी सात लाख एकचालिस हजार आठ सय सतासी रुपैयाँ मात्र) रकम नेपाल विद्युत प्राधिकरण हेलम्बु मेलम्ची वितरण केन्द्रको नेपाल बैंक लि. मेलम्ची स्थित बैंक खाता नं. १६८००१००६७२८३००००००१ मा जम्मा गरी ट्रान्सफर्मर खरिद तथा जडान गरिएकोमा उक्त खर्च रकम अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. ७

एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन प्रस्तावित कार्यढाँचा, २०७८ स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. ८

मेलम्ची नगरपालिकाको पदपूर्ति समितिबाट नगरपालिकामा रिक्त रहेका देहाय बमोजिमका प्राविधिक पदहरुमा करार सेवामा कर्मचारी पदपूर्ति गरी सिफारिस गरिएको हुँदा उक्त पदपूर्ति समितिबाट गरिएको सिफारिस अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | पद | पदपूर्ति संख्या |
|---|---|---|
| १ | ईन्जिनियर, अधिकृत छैठौं | २ |
| २ | सव इन्जिनियर, सहायक पाँचौं | १ |
| ३ | असिस्टेन्ट सव इन्जिनियर | ४ |
| ४ | अनमी | ३ |
| ५ | अहेब | २ |
| ६ | हेल्थ असिस्टेन्ट | २ |
| ७ | प्राविधिक सहायक | १ |
| ८ | वातावरण अधिकृत | १ |
| ९ | रोजगार संयोजक | १ |

निर्णय नं. ४

राष्ट्रिय योजना आयोगबाट आ.व. २०७९/०८० मा समपुरक तथा विशेष अनुदान कार्यक्रम अन्तर्गत संचालन गर्ने गरी योजनाको प्रस्ताव आव्हान भएको हुँदा यस मेलम्ची नगरपालिका भित्रका देहाय बमोजिमका योजनाहरु निर्माण गर्नको लागि राष्ट्रिय योजना आयोगमा सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल

(क) समपुरक अनुदान तर्फका योजनाहरु :

| क्र.स. | प्रस्तावित योजनाको नाम, ठेगाना | मेलम्ची न.पा.बाट बेहोर्ने समपुरक रकम रु. | संघीय तथा प्रदेश सरकारबाट बेहोर्ने समपुरक रकम रु. |
|---|---|---|---|
| १ | ७ नं. वडा कार्यालय भवन निर्माण , मेलम्ची न.पा. ७ | १,५८,३३,४१८।– | १,५८,३३,४१८।– |
| २ | बाहुनेपाटी मेलम्ची खाल्डे सडक स्तरोन्नती, मेनपा १० र ९ | ३,००,४८,३९३।– | ३,००,४८,३९३।– |
| ३ | मेलम्ची ज्यामिरे गुफाडाँडा पर्यटकीय सडक स्तरोन्नती, मलम्ची न.पा. ९ | २,००,०२,९४७।– | २,००,०२,९४७।– |
| ४ | १५ नं. डम्पिङ महादेवस्थान खाल्डे भोटेचौर सडक स्तरोन्नती, मेनपा १ | १,००,०८,७६७।– | १,००,०८,७६७।– |
| ५ | जिरो किलो सोतीखोला पाटी भञ्ज्याङ्ग सडक स्तरोन्नती, मेनपा ३ | १,०१,१३,२३३।– | १,०१,१३,२३३।– |

(ख) विशेष अनुदान तर्फका योजनाहरु :

| क्र.स. | प्रस्तावित योजनाको नाम, ठेगाना | प्रस्ताव गरिएको रकम रु. |
|---|---|---|
| १ | मेलम्ची नगरपालिका फोहोरमैला व्यवस्थापन, मेलम्ची न.पा. | ३,००,००,०००।– |
| २ | मेलम्ची बाढीबाट जोखिममा रहेका बस्ती तथा जग्गा जमिन संरक्षण, मेलम्ची न.पा. | १०,००,००,०००।– |
| ३ | कोल्ड स्टोर तथा रस्टिक स्टोर निर्माण, मेलम्ची न.पा. | २,००,००,०००।– |

निर्णय नं. १०

मेलम्ची नगरपालिकाको रिक्त भारी सवारी चालक पदमा मेलम्ची नगरपालिका वडा नं. १० स्थायी निवासी श्री नारायण दुलाललाई दैनिक ज्यालादारीमा काम गर्ने गरी नियूक्ति गरिएकोमा उक्त नियूक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

मेलम्ची नगरपालिका वडा नं. ५, ७ र ८ लाई बालमैत्री वडा घोषणा गर्न आवश्यक पर्ने बजेट व्यवस्थाको लागि सम्बन्धित वडा कार्यालयबाट प्रस्ताव पेश भएको सन्दर्भमा उक्त बाल मैत्री वडा घोषणाका सूचक र प्रस्ताव सहित नगरस्तरीय बाल कल्याण समितिमा छलफल गरी आगामी कार्यपालिका वैठकमा पेश गर्न निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

मेलम्ची नगरपालिका भित्रका विभिन्न योजनहरु निर्माण गर्नको लागि माग भइ आएकोमा देहाय बमोजिमका योजनाहरु निर्माण गर्न बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको विवरण | विनियोजित बजेट रु. | बजेट शिर्षक |
|---|---|---|---|
| १ | आमा हयोल्मो बसपार्क आसपासको बस्ती ढल तथा नाली व्यवस्थापन, मेनपा ११ | २,००,०००।– | विविध सार्वजनिक निर्माण |
| २ | लि:ल घले ल्होसार पर्व (लि:ल फङ्ग घले समाज) , मेनपा ११ | २,५०,०००।– | जनजाती लक्षित |
| ३ | रक्तकाली आधारभूत विद्यालय खानेपानी व्यवस्थापन, मेनपा ९ | २,००,०००।– | विविध सार्वजनिक निर्माण |

निर्णय नं. १३

मेलम्ची नगरपालिका वडा नं. ९ मा ज्येष्ठ नागरिक मिलन केन्द्रको भवन निर्माण गर्नको लागि मेलम्ची नगरपालिका वडा नं. ९ को वडा कार्यालयबाट १ रोपनी जग्गा व्यवस्थापन सहित भवन निर्माणको लागि योजना माग गरेको हुँदा उक्त स्थानमा ज्येष्ठ नागरिक मिलन केन्द्रको भवन निर्माण गर्न सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

मेलम्ची नगरपालिका वडा नं. ४ स्थित ठूलो भञ्ज्याङ्ग पाटी भञ्ज्याङ्ग पाल्चेन सडकको नयाँ ट्र्याक निर्माण गर्नको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. १५

मेलम्ची नगरपालिका वडा नं. ९ स्थित गुफा चांखु सडक स्तरोन्नती गर्नको लागि विनियोजन भएको बजेट मध्ये बोलपत्र प्रक्रियाबाट रु. १,१६,३५,०००।– (अक्षरुपी एक करोड सोह्र लाख पैंतिस हजार रुपैयाँ मात्र) रकम बचत हुन आएको हुँदा उक्त योजनामा बचत भएको बजेट रकमबाट रु. ९५,५०,०००।– (अक्षरुपी पन्चानब्बे लाख पचास हजार रुपैयाँ मात्र) क्रसर प्रभावित योजनामा रकमान्तर गर्ने निर्णय गरियो।

निर्णय नं. १६

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (Local Government Institutional Capacity Self-Assessment -LISA ) कार्यविधि, २०७७ मा उल्लिखित सूचकहरुको आधारमा मेलम्ची नगरपालिकाबाट आर्थिक वर्ष २०७७/०७८ मा सम्पादन गरिएका कार्यहरुको सूचकगत रुपमा स्वमूल्याङ्कन गर्दा ६४.२५ (चौसठ्ठी दशमलब पच्चिस मात्र ) अंङ्क प्राप्त भएकोले उक्त अङ्क अनुमोदन गरी स्वीकृतिको लागि सम्बन्धित निकायहरुमा सिफारिस गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | विषय क्षेत्र | समग्र स्थिति | प्रक्रियागत स्थिति | परिमाणात्मक स्थिति | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ३ | ३ | २ | ८ | |
| २ | संगठन र प्रशासन | १.५ | २ | १.५ | ५ | |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | २ | २ | ३ | ७ | |
| ४ | वित्तय तथा आर्थिक व्यवस्थापन | २ | ३ | ४.५ | ९.५ | |
| ५ | सेवा प्रवाह | २ | २ | ४ | ८ | |
| ६ | न्यायिक कार्य सम्पादन | १ | ३ | ३ | ७ | |
| ७ | भौतिक पूर्वाधार | २.७५ | २.५ | ४.५ | ९.७५ | |
| ८ | सामाजिक समावेशीकरण | १.५ | १ | १.५ | ४ | |
| ९ | वातावरण तथा विपद् व्यवस्थापन | १ | ०.५ | २.५ | ४ | |
| १० | समन्वय र सहकार्य | १ | ० | १ | २ | |
| **जम्मा** | | **१७.७५** | **१९** | **२७.५** | **६४.२५** | |